बैजनाथ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कृषि विकास शाखा

पत्र सं.:-२०८३/०८४

चलानी नं. :

रामपुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल

मितिः-२०८३/०४/२०

नेपाल सम्वत ११४६

## बिषयः- समस्त किसान वर्गमा अनुरोध जानकारी ।

प्रस्तुत सन्दर्भमा बैजनाथ गाउँपालिका भित्र लगाईएका धान बालीमा युरिया मलको अत्याधिक मात्रामा प्रयोग गरिएको जानकारी प्राप्त भएको र साथै यस पालिकाका विभिन्न सहकारिहरुमा रासायनिक मल बितरण गर्दाको अनुगमन गर्दा युरिया मलको कृत्रिम अभाव भएको देखिन आएको छ। बर्षे धान बालीमा धान रोपेको २ देखि ३ हप्तामा पहिलो पटक २ के.जी युरिया मल टप ड्रेसिंग गर्नु पर्छ दोश्रो पटक युरिया मल टप ड्रेसिंग धान रोपेको ४० देखि ४५ दिनमा ३ के.जी प्रति कट्ठाका दरले प्रयोग गर्नु पर्छ ।युरिया मलको काम केवल धान बालीलाई हरियो बनाउने र हलक्क बढाउने हो।युरिया मल प्रयोग गरेको खेतमा सोहि बालीलाई मात्र काम गर्छ, बिरुवाले प्रयोग गर्न नसकेको युरियाबाट प्राप्त हुने नाइट्रोजन तत्व हावामा उडेर जान्छ।धानको डाँठ,जरा,तथा फूल फुल्न र धानको दाना पोटिलो बनाउन फसफोरस र पोटास तत्वको नितान्त आवश्यकता पर्दछ।पोटास तत्वको लागि म्युरेट अफ पोटास मल र फसफोरस तत्वको लागि डी.ए.पी.मल प्रयोग गर्नु पर्छ।त्यसै गरि धान बालीमा जिंक मल प्रति कट्ठा ५०० देखि ६०० ग्रामसम्म प्रयोग गरेमा धानको खैरा रोग लाग्दैन र धान बालि अन्य रोगको आक्रमण पनि हुदैन। धान बालीको सहि उत्पादन लिन प्रशस्त मात्रामा प्रांगारिक मल प्रयोग गर्नका साथै सिंचित क्षेत्रमा हरियो मल धैचा मलको प्रयोग गरेमा धानको उत्पादन मनग्य हुन्छ र किसानको मेहिनत खेर जादैन।धान बालीको उत्पादन राम्रो लिनु छ भने सिंचाईको उचित व्यवस्थापन,झारपात नियन्त्रण, खेतवारिको नियमित अनुगमन, रोग किराको प्रकोपलाई नियत्रण गर्नु जरुरि छ।जसरि एउटा बच्चालाई खाना एकै पटक खुवाएमा अपच हुन्छ र बच्चा बिमारी हुन पुग्छ।साथै एकै किसिमको खानाले कुनै पनि बच्चालाई शारीरिक र मानशिक विकास सन्तुलित रुपमा हुन सक्दैन।अतः समयमा ध्यान पुगेन भने हाम्रो परिश्रम बालुवामा पानी हाले सरह हुन्छ। थप जानकारीको लागि टोल फ्री नम्बर १८१०५०००२१२ मा सम्पर्क राख्नु हुन समेत अनुरोध छ।जय किसान ! जय कृषि !! जय बैजनाथ !!!

प्रमोद कुमार विश्वकर्मा

कृषि शाखा प्रमुख